# गलकोट नगरपालिकाको खानेपानी तथा साना सिचाँई दर्ता, नवीकरण र सूचिकृत गर्ने सम्बन्धि कार्यविधि, २०७७

प्रस्तावना : नेपालको संविधान २०७२ को अनुसूचि ८ को क्र.सं. ११, १९ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ को ट को ट(१) ध(१) र ४(ग) अनुसार खानेपानी तथा सिचाँईको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै वितरण प्रणालीको मापदण्ड बनाई सहज, सरल, पारदर्शी र न्याय पूर्ण बनाउन वाञ्छनीय भएकोले, गलकोट नगरपालिकाको कार्यपालिकाले गलकोट नगरपालिकाको खानेपानी तथा साना सिचाँई दर्ता, नवीकरण र सूचिकृत गर्ने सम्बन्धि कार्यविधि, २०७७ जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गलकोट नगरपालिकाको खानेपानी तथा साना सिचाँई दर्ता, नवीकरण र सूचिकृत गर्ने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

**२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।**

## परिच्छेद-२
## खानेपानी तथा साना सिचाँई दर्ता तथा नवीकरण सम्बन्धि व्यवस्था

**३. नयाँ खानेपानी तथा साना सिचाँई दर्ता सम्बन्धि व्यवस्था :** (१) उपभोक्ता समितिले कुनैपनि निर्माण गर्न चाहेमा अनुसूचि १ बमोजिमको ढाँचामा यस गलकोट नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको योग्यता भए नभएको सम्बन्धमा प्रशासकीय अधिकृत, सिभिल इन्जिनियर, संघसस्था हेर्ने अधिकृत सहितको ३ सदस्यीय भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२ ) अनुसार समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाणपत्र प्रदान गर्ने निर्णयका लागि नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सिफारिस सहित न्यूनतम योग्यता पुगेको उपभोक्ता समितिको दर्ता प्रमाण पत्र नगर प्रमुखको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाण पत्र बापत राजपत्रमा प्रकाशित दस्तुर लिई अनुसूचि ३ बमोजिमको ढाँचामा उपभोक्ता संस्थालाई दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

**४. उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्रको अवधि र नविकरण सम्बन्धि व्यवस्था :** (१) दफा ३ को उपदफा (४) बमोजिम प्रदान गरिएको दर्ता प्रमाण पत्र दफा ५ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्रको अवधि समाप्त भएको प्रत्येक उपभोक्ता समितिले दर्ता प्रमाण पत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानूनबमोजिम नगरपालिकालाई तिर्नुपर्ने दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेको ६ महिनाभित्र सबै प्रक्रिया पूरा गरी दर्ता प्रमाणपत्र नवीकरण गराउन चाहने उपभोक्ता समितिले नवीकरण गर्न माग गरेमा थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाण पत्र नवीकरण गरिदिने छ ।

**५. संस्था दर्ताको खारेजी :** देहायका अवस्थामा नगरपालिकाले संस्था दर्ताको प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

(१) झुटो विवरण पेश गरी दर्ता प्रमाण पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(२) सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

(३) उपभोक्ता समितिको वार्षिक साधारण सभा र लेखा परीक्षण ३ वर्षसम्म नगरेमा,

(४) ३ वर्षभन्दा बढी नवीकरण नभएको प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

**६.दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने सम्बन्धि व्यव्स्था :** कुनै उपभोक्ता संस्थाले दर्ता प्रमाण पत्र हराएमा वा नासिएको कारणबाट संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन गरेमा गलकोट नगरपालिकाको राजपत्रमा प्रकाशित भएबमोजिमको दस्तुर लिई संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**७.सूचिकृत सम्बन्धित व्यवस्था :** खानेपानी तथा साना सिचाँईको उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र गलकोट नगरपालिका भन्दा बाहिर अन्य सार्वजनिक निकायमा दर्ता भएको भएतापनि माथि उल्लिखित प्रकृया पूरा गरी आएको उपभोक्ता संस्था दर्ता प्रमाण पत्रलाई नगरपालिकाको कार्यविधि अनुसार नै सूचिकृत गरिनेछ छ ।

**८. कार्यविधिमा हेरफेर :-** यो कार्यविधि गलकोट नगरपालिकाले आवश्यक ठानेमा संशोधन गर्न सक्नेछ

**९.प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा तोकिएबमोजिममा व्यवस्थाहरु यसै बमोजिम र अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१०.वाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुने छ ।

## अनुसूचि-१
## (कार्यविधिको दफा ३(१) सगँ सम्बन्धित)
## उपभोक्ता संस्था दर्ता तथा सूचीकरणको लागि दिइने दरखास्तको नमूना

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गलकोट, बागलुङ ।

म/हामीले खानेपानी/साना सिचाँई उपभोक्ता संस्था गठन गरी दर्ता/आबद्द गर्न चाहेको हुनाले देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु/छौ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः-
२. उपभोक्ता संस्थाको उद्देश्यः-
३. स्रोत रहेको : अञ्चल................ जिल्ला.................गलकोट नगरपालिका.........वडा नं.........
४. उपयोग गर्ने पानीको परिमाण :-
५. परियोजना शुरु गरेको मिति :- सम्पन्न भएको मिति :-
६. परियोजना सम्पन्न गर्दा लागेको अनुमानित खर्च :-
७. नेपाल सरकार वा गैर सरकारी संस्थाले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धि अन्य विवरण :-
८. परियोजना सम्पन्न गर्न सम्बन्धित निकाय वा संस्थाले दिएको रकम :-
९. स्थानीयबाट जनसमुदायको लागत :-
१०. पानीको मुहान रहेको ठेगाना :-
११. लाभान्वित घर धुरी संख्या :- जम्मा लाभान्वित जनसंख्या :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिने उपभोक्ता संस्थाको छाप
सही :-
नाम :-
पद :-
ठेगाना :-
सम्पर्क नं. :-
मिति :-

निवेदनको साथ संलग्न गर्नुपर्ने आवश्यक कागजपत्रहरु :-
१. संस्थाको दर्ता प्रमाण पत्र-प्रतिलिपि(पुरानो संस्थाको भए मात्र)
२. साधारण सभाको निर्णय प्रतिलिपि
३. संचालकहरुको नागरिकताको प्रमाण पत्र प्रतिलिपि :-
४. स्रोत धनीको मंजुरीनामा भएमा
५. विधान

## अनुसूचि-२

**(कार्यविधिको दफा २ (२) सँग सम्बन्धित)**

**उपभोक्ता संस्था दर्ताका लागि पूरा हुनुपर्ने न्यूनतम योग्यताहरु**

१. परियोजनाको नाम र ठेगाना :-

२. स्रोत सर्वेक्षण गर्न चाहने व्यक्ति, संस्थाको नाम, ठेगाना, वडा कार्यालयसँगको दूरी :-

३ सर्वेक्षण गर्न चाहने स्रोत रहेको स्थानको :- पूरा ठेगाना, वडा कार्यालयसँगको दूरी :-

४. स्रोत सर्वेक्षण तथा परियोजनाको उद्देश्य :-

५. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्च :-

६. स्रोत रहेको वास्तविक भूगोलको अवस्था :-

७. स्रोत उपभोगको वास्तविक अवस्था :-

८. स्रोत उपभोग भईरहेको भए उपभोग भएको स्थान र उद्देश्य :-

९. हाल उक्त स्रोतबाट लाभान्वित संख्या :-

१०. स्रोतको वास्तविक स्थिर क्षमता र प्रयोग भइ रहेको भए त्यसको मात्रा :-

११. प्रस्तावित स्रोत परिचालन हुँदाको अवस्थामा स्रोत खपत हुने परिमाण :-

१२. प्रस्तावित स्रोत परिचालन हुँदा लाभान्वित हुने स्थान र जनसंख्या :-

१३. परियोजना गर्दा विस्तावित हुने :-जनसंख्या र क्षति

१४. पर्यावरण तथा जैविक प्रभाव :-

१५. परियोजना सम्पन्न हुदाँ लाग्न सक्ने अनुमानित लागत :-

१६. सर्वेक्षण अवधिमा बुझिएको तथ्य अन्य केहि भए :-

१७. सर्वेक्षणमा संलग्न सदस्यहरु :-

१८. सर्वेक्षण अवधि :-

## अनुसूचि-३

### (कार्यविधिको दफा ३(४) सँग सम्बन्धित)

### उपभोक्ता संस्थाको दर्ताको प्रमाणपत्र

श्री ........................................

............................................

श्री गलकोट नगरपालिकाको मिति............................... को निर्णय बमोजिम उपभोक्ता संस्था दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-
२. उपभोक्ता संस्थको उद्देश्य :-
३. उपभोक्ता संस्थाले सञ्चालन गर्ने परियोजनाको नाम :-
४. परियोजनाको स्रोत रहेको स्थानको नाम :-
५. स्रोत रहेको: वडा नं. :- टोलको नाम :-
६. उपयोग गर्न पाउने पानीको परिमाण :-
७.उपभोक्ता संस्थाको कार्य क्षेत्र :-
८. परियोजना शुरु गर्नु भएको मिति :-

प्रमाणपत्र दिने अधिकारीको:
सहि :-
नाम :-

नगरपालिकाको छाप

मिति :-

**नोट :** प्रचलित नेपाल कानून र गलकोट नगरपालिकाको खानेपानी संरक्षण तथा निर्देशिका निसर्त पालना गर्दै उपभोक्ता संस्थाले उपभोक्ताहरुको हित र संरक्षणमा संधै प्रतिवद्द रहनु पर्ने छ ।

**आज्ञाले**
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत